नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

# वातावरण विभाग

पत्र संख्या :

चलानी नं. :

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय वातावरण विभाग

**AQMS (Air Quality Monitoring Station) का तथ्याङ्क उपलब्धता सम्बन्धी सूचना**

वातावरण विभाग अन्तर्गत देश भरमा सञ्चालनमा रहेका वायु गुणस्तर अनुगमन केन्द्रहरू (AQMS) बाट संकलित तथ्याङ्क वातावरणीय अध्ययन, नीतिगत योजना तथा सार्वजनिक जानकारीका लागि महत्वपूर्ण आधारको रूपमा प्रयोग हुँदै आएको छ। यस्ता तथ्याङ्कहरूको विश्वसनीयता, शुद्धता तथा गुणस्तरियता सुनिश्चित गर्न विभागद्वारा नियमित रूपमा गुणस्तर नियन्त्रण प्रक्रिया अवलम्बन गरिन्छ।

यस सन्दर्भमा, AQMS बाट संकलित तथ्याङ्कहरू प्रशोधन सम्पन्न भई अन्तिम प्रतिवेदन (Annual Status Report) तयार भएपछि मात्र आधिकारिक रूपमा उपलब्ध गराइने व्यवस्था रहेको जानकारी गराइन्छ। अप्रशोधित तथ्याङ्क सार्वजनिक रूपमा उपलब्ध गराउन नसकिने ब्यहोरा जानकारी गरिन्छ।

साभारणतया

- कुनै पनि वर्षको पूर्ण तथ्याङ्क सम्बन्धित वर्ष समाप्त भएपछि प्रशोधन सम्पन्न भई प्रतिवेदन तयार भएपछि मात्र उपलब्ध गराइनेछ। उदाहरणका लागि, सन् २०२५ को तथ्याङ्क सन् २०२६ को जुन ५ गते (June 5, 2026) पछि मात्र उपलब्ध हुनेछ।
- माग भए अनुसार हाल उपलब्ध गराइने तथ्याङ्क प्रशोधन सम्पन्न भइसकेको घण्टागत औसत (hourly average) र दैनिक औसत (daily average) तथ्याङ्क उपलब्ध हुनेछ।

यस व्यवस्थाले तथ्याङ्कको गुणस्तरीय तथा विश्वसनीयता कायम राख्न सहयोग पुऱ्याउने विश्वास लिइएको छ। विभागबाट उपलब्ध गराइने आधिकारिक तथ्याङ्कलाई मात्र अध्ययन, अनुसन्धान तथा प्रकाशन कार्यमा प्रयोग गर्न अनुरोध गरिन्छ।

वातावरण विभाग


कार्यालयको ठेगाना: बबरमहल, काठमाडौं

कार्यालयको टेलिफोन नं. ०१-४२२१७९७/४२२०८३७

फ्याक्स: ०१-४२२१५५७

इमेल: info@doenv.gov.np

वेबसाईट: www.pollution.gov.np